

नेपाल गजेट

भाग १

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ८] काठमाडौं मार्ग १५ गते २०१५ साल [अतिरिक्ताङ्क १८

कानूनतथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट जनप्रतिनिधित्व ऐन, २०१५ को दफा १५ अन्तर्गत गरि बक्सेको शाही घोषणा सर्वसाधारणको जानकारीका निमित्त प्रकाशित गरिएको छ ।

शाही घोषणा

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि बिबिध बिरुदाबली बिराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वलनेपालतारा अतिओजस्वि त्रिभुबन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्भय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डरइनचीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेबानाम सदा समर बिजयिनाम

[१६५]

६९९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आगे प्यारा प्रजाहरु के यथोचित् ,

२०१५ साल फाल्गुन ७ गते देखि हुने आम निर्वाचनमा जुमला जिल्लाका २ निर्वाचनक्षेत्रले जनप्रतिनिधित्व ऐन, २०१५ वा सोही ऐन अन्तर्गत बनेको नियम र निकालिएको आदेश अनुसार प्रतिनिधि सभाका सदस्य निर्वाचन गर्न आह्वान गर्दै सो ऐनको दफा १५ अनुसार निर्वाचन आयोगको सल्लाह लिई यो घोषणा गरिबक्सेका छौं ।

श्री पशुपतिनाथले सबैको कल्याण गरुन् ।

जय नेपाल।

राजदरबार,
मितिः २०१५।८।१५।१

आज्ञाले —
नयनबहादुर खत्री.
श्री ५ को सरकारको सचिव,
कानून तथा संसदीय प्रबन्ध मन्त्रालय,

मुद्रण विभाग संहरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।